# स्थानीय राजपत्र

## गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः २)   काठमाण्डौ,   बैसाख  ९ गते
२०७५ साल संख्याः ६

# भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिका कार्यालयको सूचना

## गोकर्णेश्वर नगर शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकारतथा बैठक सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः**नेपालको संविधानको अनुसूची-८ को क्रमसंख्या ८, तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ११को उपदफा (२) को खण्ड (ज) बमोजिम शिक्षा सम्बन्धी कार्यक्षेत्रलाई कार्यान्वयन गर्न गोकर्णेश्वर नगरपालिका नगर शिक्षा समितिको गठन,काम,कर्तव्य र अधिकारतथा बैठक सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "गोकर्णेश्वर नगर शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चालन कार्यविधि,२०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नगरपालिका" भन्नाले गोकर्णेश्वर नगर पालिका सम्झनु पर्छ ।

(ख) "प्रमुख " भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) "समन्वय समिति" भन्नाले दफा ६ बमोजिमको नगर शिक्षा समन्वय समिति सम्झनु पर्छ।

(ङ)"समिति" भन्नाले दफा ३ बमोजिमको नगर शिक्षा समिति सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

३. **समितिको गठनः**(१) नगरपालिकामादेहाय बमोजिमको एक नगर शिक्षा समिति रहनेछः-

(क) प्रमुख वा निजले तोकेको नगरपालिकाको सदस्य -अध्यक्ष

(ख) कार्यपालिकाकासदस्यहरुमध्येबाट नगरपालिकाको सामाजिक विकास मितिको संयोजक,दलित वा महिलामध्येबाटप्रमुखले -सदस्य

मनोनयन गरेकादुई जना

| | | |
|---|---|---|
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयको प्रधानाध्यापकहरुमध्येबाट प्रमुखले मनोनयन गरेका दुई जना | -सदस्य |
| (ङ) | नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समिति वा शिक्षक अभिभावक संघका अध्यक्षहरु मध्येबाट समितिले मनोनीत गरेका दुई जना व्यक्ति | -सदस्य |
| (च) | नगरभित्रका शिक्षाविदहरु मध्येबाट प्रमुखले मनोनीत गरेका पाँच जना व्यक्ति | -सदस्य |
| (छ) | नगरभित्रका महिला शिक्षाविदहरु | -सदस्य |

वा शिक्षासँग सम्बन्धित काम गरेका महिलामध्येप्रमुखबाट मनोनीत एकजना

(ज) नगरभित्रका परम्परागत धार्मिक विद्यालय, मदरसा, गुम्बाशिक्षा, विशेष शिक्षा, समावेशीशिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयवा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी समितिबाट मनोनीत एकजना व्यक्ति -सदस्य

(झ) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाप्रमुख -सदस्यसचिव।

(२)उपदफा (१) को खण्ड (घ),(ङ), (च), (छ) र (ज) बमोजिम मनोनीत सदस्यको पदावधिबढीमा तीन वर्षको हुनेछ र आवश्यकता अनुसार निजलाई पुनः मनोनीत गर्न वा बाँकी अवधिको लागि निरन्तरता दिन सक्नेछ।

४. **समितिको बैठक**ः (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक रआवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(३)समितिको बैठक भत्ता नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ।

(४)बैठक सञ्चालनको लागि कम्तीमा बहुमत सदस्यको उपस्थिति आवश्यक पर्नेछ रबैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५)समितिको बैठकमा नगर बाल सञ्जालका बालबालिकामध्ये एक जना छात्रा र एक जना छात्रहरुलाई बैठकमा आमन्त्रण गरिनेछ ।

(६) सामुदायिक विद्यालयका पेशागत शिक्षक महासंघका प्रतिनिधि, राष्ट्रिय मान्यता प्राप्त सामुदायिक विद्यालयका पेशागत शिक्षक संघ, संगठनका प्रतिनिधि र संस्थागत विद्यालय महासंघका प्रतिनिधि वा राष्ट्रिय मान्यता प्राप्त संस्थागत विद्यालयका संघ, संगठनका प्रतिनिधिहरू मध्येबाट समितिले मनोनीत गरेका

दुई जना सदस्यलाई बैठकमा आमन्त्रण गरिनेछ ।

(७)समितिले बैठकमा आवश्यकता अनुसार कुनै विज्ञ वा कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिमहुनेछः-

(क)शिक्षा शाखाबट पेश भएका निम्न कार्यहरु गर्नेः

(१)नगरपालिका भित्रको शिक्षाको नीति तयार गरी शिक्षा सम्बन्धी नगरस्तरीय शैक्षिक योजना तर्जुमा गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(२)शिक्षा ऐन,नियमावली,कार्यविधिको मस्यौदा माथि छलफल गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(३)पूर्व -प्रथमिक कक्षा, बाल बिकास केन्द्र, बाल शिक्षा

अनुमति,आधारभूत तथा माध्यमिक विद्यालयका कक्षा थप अनुमतिको लागि कार्यपालिकामा पेश गर्ने,

(४)पूर्व-प्राथमिक कक्षा, बाल शिक्षा अनुमति, आधारभूत तथा माध्यमिक विद्यालयका कक्षा थप र अनुमतिका लागि लाग्ने शुल्क तथा शिक्षा शाखाले लिने अन्य शुल्क स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(५)संस्थागत विद्यालयको शुल्क प्रस्ताव र पूर्व-प्राथमिक कक्षा, बाल शिक्षा र आधारभूत तथा विद्यालयहरु सार्ने,नाम परिवर्तन र स्वामित्व परिवर्तन गर्न लाग्ने शुल्क माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(६) पूर्व-प्राथमिक विद्यालय, बाल शिक्षा सार्ने,नाम परिवर्तन गर्ने

र स्वामित्व परिवर्तन सम्बन्धी निर्णय गरी कार्यान्वन गर्न कार्यपालिकामा पेश गर्ने,

(७)आधारभूत तथा माध्यमिक विद्यालयहरु सार्ने,नाम परिवर्तन गर्ने र स्वामित्व परिवर्तन सम्बन्धी निर्णय गरी कार्यान्वन गर्न कार्यपालिकामा पेश गर्ने ।

(ख)स्वास्थ्य शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) संघ र प्रदेश सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा,महिला शिक्षा,निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा जस्ता निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ)विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको सामाजिक परीक्षण र लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ञ) विद्यालय बन्द गर्न सार्न वा गाभ्न सिफारिस गर्ने,

(ट)शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ठ)नगरस्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न निर्देशन दिने,

(ड)आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ढ)नगरपालिकाबाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही विद्यालय सञ्चालन गर्न आवश्यक निर्देशन दिने,

(ण)विद्यालयले कायम गर्नु पर्ने न्युनतम खानेपानी,सरसफाई तथा शौचालयजस्ता पक्षहरुको मापदण्ड तोक्ने,

(त) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्कसङ्कलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने,

(थ) विद्यालयको सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने,

(द) नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समिति वा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षक, कर्मचारी, नगर शिक्षा समितका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ध) विद्यालयको अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा क्षमता विकासका लागि आवश्यक कार्य गर्ने,

(न) शैक्षिक कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गराउने,

(प)शिक्षक सेवा आयोगबाट सिफारिश भई आएका शिक्षकलाई नियुक्ति गर्ने,दरबन्दी मिलान गर्ने र सरुवा सम्बन्धी कार्य गर्ने,

(फ)रिक्त अस्थायी तथा करार शिक्षक छनौटका लागि शिक्षक छनौट समितिको गठन कार्यविधि निर्माण गरी शिक्षक छनौट गर्न विद्यालयलाई निर्देशन दिने,

(ब)विद्यालय सहायक र विद्यालय सहयोगीहरुको अस्थायी तथा करार नियुक्तिका लागि छनौट गर्न आवश्यक कार्यविधि बनाई अस्थायी तथा करार नियुक्ति गर्नका लागि विद्यालयलाई आवश्यक सहयोग गर्ने,

(भ)मातृभाषामा पठन पाठनको व्यवस्थापन गर्ने, गराउने,

(म)प्रचलित कानूनले तोकेका शिक्षा सम्बन्धी अन्य कार्यहरु गर्ने।

६. **समन्वय समितिको गठनः**नगरपालिकामा देहाय बमोजिमको शिक्षा समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख वा प्रमुखको कार्यभार सम्हालेको नगर कार्यपालिकाको सदस्य | -अध्यक्ष |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) | नगरपालिकाको शिक्षा, युवातथाखेलकुदशाखाप्रमुख | -सदस्य सचिव । |

७. **समन्वय समितिको बैठक** :(१) समन्वय समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक र आवश्यकता अनुसार बस्नेछ।

(२) समन्वय समितिको बैठक सो समितिका अध्यक्षको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समन्वय समितिले बैठकमा आवश्यकता अनुसार कुनै विज्ञ वा कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समन्वय समितिको बैठकभत्ता नगरपालिकाको प्रचलित कानून बमोजिमहुनेछ ।

(५) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ।

८. **समन्वय समिति काम,कर्तव्य र अधिकारः** समन्वय समितिको काम, कतर्व्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) समितिको बैठक बस्नु पूर्व एजेन्डा तय गर्ने,।

(ख) समिति र शिक्षा सम्बन्धी अन्य समितिहरुको काम,कर्तव्य र अधिकारहरुको सहजीकरण गर्ने ।

९. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघ तथा प्रदेशले स्थानीय शिक्षा सम्बन्धमा छुट्टै कानूनबनाई लागू गरेमा सोही बमोजिम हुनेछ ।

स्वीकृत मितिः २०७५।०१।०९

आज्ञाले,

दिपक कोइराला

प्रमुख प्रशासकीय अधिकृत